# National News

## 2/4/2024

<u>प्रमुख समाचार</u>

- रक्षा मन्त्रीले भन्नुभयो, उत्तरी सीमामा स्थितिको सामना गर्न सेनालाई वापस बोलाउनु र तनाव कम गर्नु एकमात्र समाधान हो
- प्रधानमन्त्रीको आफ्नो तेस्रो कार्यकालमा भारतलाई विश्वको तेस्रो ठूलो अर्थव्यवस्था बनाउने प्रतिबद्धता
- दूरसञ्चार नियामक प्राधिकरणद्वारा मानिसहरूबाट सुझाउ आमन्त्रित गर्न परामर्श पत्र जारी
- कंग्रेसद्वारा उम्मेदवारको अझ एउटा सूची जारी
- दमास्कसमा इज्रायलको हवाई आक्रमणमा कम से कम एघारजनाको मृत्यु

- <u>Rajnath Commander Conference</u>

रक्षा मन्त्री श्री राजनाथ सिंहले भन्नुभएको छ, उत्तरी सीमाहरूमा वर्तमान स्थितिको सामना गर्न सेनालाई वापस बोलाउनु र तनाव कम गर्नु नै एकमात्र समाधान हो। उहाँले भन्नुभयो, हाम्रो सेना पूरा सतर्कका साथ सीमामा खडा छ। रक्षा मन्त्रीले विश्वास व्यक्त गर्नुभयो कि शान्तिपूर्ण समाधानका लागि चलिरहेको वार्ता जारी रहनेछ।

नयाँ दिल्लीमा सेना कमाण्डरहरूको सम्मेलनलाई सम्बोधन गर्दै श्री राजनाथ सिंहले पश्चिमी सीमाहरूमा सेना र सुरक्षा बलको प्रयासको सराहना गर्नुभयो। उहाँले देशको सीमाको रक्षा गर्न तथा आतंकवादसित लड्नमा सेनाको महत्त्वपूर्ण भूमिकाको पनि सराहना गर्नुभयो। उहाँले भन्नुभयो, जम्मू कश्मीरमा सुरक्षा बलको सामंजस्य कार्यवाहीबाट क्षेत्रमा स्थिरता आइरहेछ र यो यस्तैप्रकारले जारी रहनुपर्छ। रक्षा मन्त्रीले भन्नुभयो, हाईब्रिड युद्धसहित अपरंपरागत युद्ध भविष्यको पारम्परिक युद्धको हिस्सा हुनेछ।

सम्मेरलनमा भारतीय सेनाको शीर्ष नेतृत्वले विद्यमान सुरक्षा परिदृश्यस, सीमामा स्थिति र विद्यमान चुनौतीका सबै आयाममाथि विचार विमर्श गऱ्यो।

--------------------------------------X--------------------------------------

- PM Campaign

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आफ्नो तेस्रो कार्यकालमा भारतलाई विश्वको तेस्रो ठूलो अर्थव्यवस्था बनाउने प्रतिबद्धता दोहो्याउनुभयो। नैनीताल उद्यमसिंह नगर संसदीय निर्वाचन क्षेत्रको रूद्रपुरमा उत्तराखण्डको आफ्नो पहिलो चुनावी ऱ्यालीमा श्री मोदीले भन्नुभयो, राज्यको विकासका लागि NDA सरकारले विभिन्न पहल गरेको छ। उहाँले CAA-को माध्यमबाट भारतको नागरिकता दिने फसेलाको विरोधमाथि कंग्रेसको आलोचना गर्दै कंग्रेसमाथि राष्ट्रिय हितमा अनदेखा गरेको आरोप लगाउनुभयो। श्री मोदीले भन्नुभयो, यदि भाजपा फेरी सत्तामा आयो भने भ्रष्टाचार विरूद्ध आफ्नो प्रयासमा अझ गति ल्याउनेछ।
भाजपा उम्मेदवार र राज्य मन्त्री श्री अजय भट्ट यस सीटबाट चुनावी मैदानमा हुनुहुन्छ। उहाँ विरूद्ध कंग्रेसले श्री प्रकाश जोशीलाई उतारेको छ।
राज्यमा लोकसभाका सबै पाँचवटा सीटका लागि पहिलो चरणमा उन्नाइस अप्रेलमा मतदान हुनेछ, जसका लागि जम्मा पचपनजना उम्मेदवार मैदानमा छन्।

---------------------------------------X---------------------------------------

- TRAI Broadcast Policy

दूरसञ्चार नियामक प्राधिकरणले आज राष्ट्रिय प्रसारण नीति 2024-का लागि मानिसहरूबाट सुझाउ आमन्त्रित गर्नहेतु परामर्श पत्र जारी गऱ्यो। सञ्चार मन्त्रालयले भनेको छ, प्रसारण उदीयमान क्षेत्र हो, जसमा देशको अर्थव्यवस्थामा योगदान दिने सम्भावना छ। परामर्श पत्रमा भारतलाई 'वैश्विक कन्टेन्ट हब' बनाउने उद्देश्यले प्रसारण क्षेत्रको विद्यमान मुद्दामाथि प्रकाश पारिएको छ। पत्रमा सार्वजनिक प्रसारण सेवालाई राम्रो बनाउन, मिडिया र मनोरञ्जन क्षेत्रका विभिन्न खण्डाका मुद्दा, पायरेसीको सामना गर्न र कन्टेन्ट सामग्रीको सुरक्षामाथि पनि विचार प्रस्तुत गरिएको छ। यो परामर्श पत्र प्राधिकरणको वेबसाइट www.trai.gov.in मा अपलोड गरिएको छ, जसमा मानिसहरूले तीस अप्रेलसम्ममा आफ्नो सुझाउ पठाउन सक्नेछन्।

---------------------------------------X---------------------------------------

- Congress EC

अर्कातिर, कंग्रेस पार्टीको प्रतिनिधिमण्डलले राज्य तथा केन्द्रजशासित प्रदेशहरूमा भ्रामक र विभाजनकारी विज्ञापनमाथि रोक लगाउने मांग गर्दै आज नयाँ दिल्लीमा निर्वाचन आयोगसित भेट गऱ्यो। बैठकपछि वरिष्ठ कंग्रेस नेता श्री सलमान खुर्शीदले भन्नुभयो, उहाँको पार्टीले आन्ध्र प्रदेशमा सरकारी योजनाहरूको विज्ञापनबाट मुख्यमन्त्रीको तस्वीर हटाइनुपर्ने मुद्दा उठायो। कंग्रेसले निर्वाचन आयोगसित फर्जी र भ्रामक समाचारको सामना गर्न तक्निकको उपयोग गर्न आग्रह गरेको छ।

- <u>Syria Attack</u>

दमास्कसमा ईरानको दूतावासमा आज भएको इज्रायलको हवाई आक्रमणमा ईरानको रिभल्यूसनरी गाड्र्सका दुई जनरलसहित कम से कम एघारजनाको मृत्यु भयो। ईरानी नेताहरूले आक्रमणलाई अभूतपूर्व बताउँदै यसको कडा निन्दा गरेका छन्।

मिडिया रिपोर्टअनुसार यस आक्रमणमा इलाइट कुड्स फोर्सका वरिष्ठ कमाण्डर ब्रिगेडियर जनरल मोहम्मद रजा जाहेदी र उहाँका डिप्टी ब्रिगेडियर जनरल मोहम्मद हादी हाजी रहीमी मारिए। रिभल्यूसनरी गाड्र्सकाअनुसार यस आक्रमणमा यसका सातजना अधिकारी पनि मारिए। ईरान र सीरियाको सरकारले यस आक्रमणको निन्दा गरेका छन्।

--------------------------------------X--------------------------------------

- <u>Election EVM VVPAT</u>

भारतमा चुनाउका लागि लामो समयसम्म बेलट बक्सको प्रयोग गरियो। त्यस समय इलेक्ट्रोनिक भोटिङ मशिन (EVM) र VVPAT-को बारेमा मानिसहरूलाई थाहासम्म थिएन। मानिसहरूले पर्चीमा भोट लगाएर सीलबन्दा मतपेटिमा लगाउँथे। यसपछि लामो र थकानपूर्ण मतगणना प्रक्रिया हातले सम्पन्न गरिन्थ्यो। यस प्रक्रियामा ठूलो मात्रामा कागजको प्रयोग हुँदथियो र अत्यधिक समय लाग्थ्यो। यसबाट गल्ती हुने आशंका पनि हुन्थ्यो। केही कम्जोरी हुँदाहुँदै पनि बेलट बक्स प्रणाली धेरै दशकसम्म उपयोग गरियो। तथापि, मतदाताहरूको संख्या र चुनाउ सम्बन्धी चुनौती बढ्नथालेपछि अधिक दक्ष र सुरक्षित मतदान प्रक्रियाको आवश्यकता महसूस गरियो। 1990-को अन्तमा भारतमा EVM-को प्रयोग शुरू भयो। यसबाट मतदान प्रक्रियामा क्रान्तिकारी परिवर्तन आयो, कागजको पर्चीबाट भोट दिने प्रक्रिया बन्द भयो र मतगणना प्रक्रिया सुगम अनि सहज भयो। केवल एउटा बटन दबाएर मतदाताले सहज र सुरक्षित ढंगमा आफूले रोजेको उम्मेदवारलाई भोट दिन सक्छन्।

--------------------------------------X--------------------------------------

- <u>AAP-BJP</u>

आम आदमी पार्टीले आज आरोप लगाएको छ कि भारतीय जनता पार्टीले मादक पदार्थ घोटाला मामिलामा आउने महिनामा यसका अझ चारजना नेताहरूलाई पक्राउ गर्ने योजना बनाइरहेछ। नयाँ दिल्लीमा मिडियासितको कुराकानीमा पार्टी नेता तथा दिल्लीकी मन्त्री श्रीमती आतिशीले आरोप लगाएको छ कि भाजपाले आम आदमी पार्टीलाई दबाउन केन्द्रिय एजेन्सीहरूको प्रयोग गरिरहेछ। उहाँले भन्नुभयो, आगामी दुई महिनामा उहाँसहित सर्वश्री सौरभ भारद्वाज, दुर्गेश पाठक र राघव चड्डा-लाई पक्राउ गरिनेछ।

यसैबीच, भाजपामा शामेल हुन उहाँसित सम्पर्क गरिएको आरोपमा भाजपाले आम आदमी पार्टीमाथि प्रहार गरेको छ। दिल्ली भाजपा अध्यक्ष श्री वीरेन्द्र सचदेवाले यस आरोपलाई गलत बताउनुभयो। उहाँले भन्नुभयो, श्री केजरीवालले आफ्नो बयानमा भन्नुभयो कि श्री विजय नायरले श्रीमती आतिशी र श्री सौरभ भारद्वाजलाई कामकाजको रिपोर्ट गर्नुहुन्थ्यो। आज श्रीमती आतिशीले श्री दुर्गेश पाठक र श्री राघव चड्डाको पनि नाम लिनुभयो। श्री सचदेवाले भन्नुभयो, मुख्यमन्त्री श्री केजरीवालसहित पूरा आम आदमी पार्टी भ्रष्टाचारमा लिप्त थियो।

---------------------------------------X---------------------------------------

- Chhattisgarh Maoists Killed

छत्तीसगढ़मा आज सुरक्षाबलसितको झड़पमा नौंजना माओवादी मारिए। यो झड़प तब भयो जब केन्द्रिय रिजर्व पुलिस बल, कोबरा बटालियन, जिल्ला रिजर्व गार्ड र स्पेशल टास्कर फोर्सको एउटा संयुक्त दलले बस्तर सम्भागको बीजापुर जिल्लाको गंगालुर क्षेत्रमा एउटा खोजी अभियान चलाइरहेको थियो। यसअवधि पेन्ड्राको जंगलमा दुवै तर्फबाट गोलीबारी शुरू भयो। गोलीबारीपछि सुरक्षाबलले नौंजना माओवादीहरूको शव आफ्नो कब्जामा लियो।

घटना स्थलबाट एउटा लाइट मशिनगन (LMG), एक बेरल ग्रेनेड लन्चर (BGL) र अन्य हथियार तथा गोलाबारूद पनि जफ्त गरिएको छ। यस क्षेत्रमा खोजी अभियान अझै जारी छ।

---------------------------------------X---------------------------------------

- Ladakh Medical Aid

भारतीय सेनाको मेडिकल कोरले दया र समर्पणको अनौंठो भावनाको उदाहरण प्रस्तुत गर्दै लद्दाखको करगिलमा दूरगम चिकटन क्षेत्रमा वृद्ध तथा हिनडुल गर्न अक्षम बिरामीहरूलाई जीवनरक्षक सेवा उपलब्ध गराइयो। चुनौतीपूर्ण क्षेत्र र स्वास्थ्य सुविधाको कमी हुँदाहुँदै पनि सेनाको डाक्टर तथा सहायक कर्मीहरूको टोलीले अत्यधिक आवश्यकता परेका मानिसहरूसम्म चिकित्सा सहायता सुनिश्चित गर्न दिलोज्यानले कार्य गऱ्यो।

यसअवधि लगभग दुई सय सोल्हजना बिरामीहरूलाई आवश्यक चिकित्सा सहायता उपलब्ध गराइयो। यसबाट अस्सीजना पुरुष, एक सय सोल्हजना महिला र बीसजना नानीहरूलाई चिकित्सा लाभ प्राप्त भयो। स्वास्थ्य सेवा उपलब्ध गराउनमा रहेको टोलीको प्रतिबद्धताबाट दुर्गम स्थानका मानिसहरूमा आशा जाग्रका साथै बिरामी र उनीहरूको परिजनलाई पनि राहत मिल्यो।

---------------------------------------X---------------------------------------